मिति २०७६ साल ज्येष्ठ ३२ गते बसेको नगर कार्यपालिका बैठकको निर्णयहरु

१. प्रत्येक वर्ष आषाढ १ गते देखि भाद्र मसान्त सम्म नदिहरुबाट नदिजन्य समाग्री उत्खनन गर्न निषेध गरिएकामा अर्जुनधारा नगरपालिकाका नदिहरुबाट समेत निषेधित नदिजन्य सामाग्री उत्खनन नियन्त्रणका निषेधित नदिजन्य सामाग्री ढुवानी गर्ने मालवाहक सवारीसाधनकालाई लागि देहाय बमोजिमको जरिवाना लगाउने ।साथै नियन्त्रण गरिएको नदिजन्य सामाग्री जफत गरी लिलाम गर्ने ।

| क.सं | पटक | जरिवाना रकम (रु) | कैफियत |
|---|---|---|---|
| १ | प्रथम | १०,००० | ढुवानीमा प्रयोग भएको सवारी साधन १ दिन सम्म नियन्त्रणमा लिने |
| २ | दोश्रो | २०,००० | ढुवानीमा प्रयोग भएको सवारी साधन ७ दिन सम्म नियन्त्रणमा लिने |
| ३ | तेश्रो | ३०,००० | ढुवानीमा प्रयोग भएको सवारी साधन भाद्र मसान्त सम्म नियन्त्रणमा लिने |

उपरोक्त बमोजिमको निर्णय कार्यन्वयनका लागि सम्बन्धित निकायमा अनुरोध गर्ने र सोका लागि चेक प्वाइन्ट निर्माण तथा जनशक्ति व्यवस्थापनका लागि आवश्यक सहयोग गर्ने ।

२.निर्णय नं १ अनुसारको व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराउनका लागि सञ्चार माध्यमको प्रयोग तथा माइकिङ्ग गर्ने ।साथै,उपरोक्त बमोजिमको निषेधित कार्य भएको सूचना दिने सूचकलाई जरिवाना रकमको १० प्रतिशत, नियन्त्रकलाइ ४० प्रतिशत र सन्चिति रक्षकलाइ १० प्रतिशत रकम प्रोत्साहन स्वरुप साप्ताहिक रुपमा उपलब्ध गराउने ।

३.पछिल्लो समय विभिन्न स्थानमा देखिएको डेंगु रोगको प्रकोप न्यूनिकरण गर्नका लागि सचेतनामूलक कार्यहरु अघि बढाउने ।

४.सशस्त्र प्रहरी बल,शनिश्चरेबाट कार्यालय परिसरमा प्रयोग गर्न २५ ट्रिपर पुरुवा माग गरेकामा सो का लागि लाग्ने ट्रिपरको रकम उपलब्ध गराउने ।

५.जिल्ला प्रशासन कार्यालय,झापा बाट नागरिक बडापत्र निर्माणका लागि आर्थिक सहयोग माग भई आएकामा अन्य स्थानीय तह सँग समेत समन्वय गरी रु ४० हजार मात्र उपलब्ध गराउने ।साथै,नापी कार्यालय भद्रपुर झापाबाट सूचना प्रविधिसँग सम्वन्धित जिन्सी सामाग्री माग भई आएकामा यस नगरपालिकाका नापी नक्सा उपलब्ध गराउने शर्तमा कम्प्युटर,टेवल लगायतका जिन्सी सामाग्री उपलब्ध गराउने ।

६.वडा नं ९ स्थित प्रणामी मन्दिरबाट सालबाडी जाने सडकमा पर्ने पुल कल्भर्ट निर्माणका लागि सम्बन्धित वडाको आगामी आर्थिक वर्षको दायित्वमा रहने गरी लागत स्टमेट अनुसारको रकम विनियोजन गर्ने ।

७.नगर कार्यपालिका कार्यालय तथा अन्तर्गतका शाखा तथा कार्यालयमा कार्यरत सबै कर्मचारीहरुलाई स्वास्थ्य विमा गर्नका लागि अनुरोध गर्ने ।

८.उत्कृष्ट सिकाइ उपलब्धी भएका विद्यालयहरुलाई सिकाई सुदृढिकरण तथा विद्यालयलाई कार्य सम्पादनमा आधारित अनुदान प्रदेश सरकारको सशर्त अनुदानको रु ४ लाख ५० हजारलाई सामाजिक विकास समितिका संयोजक श्री दिलिप गुरुङ्गको संयोजकत्वमा तपशिलका १२ वटा विद्यालयमा एक नमुना कक्षा एकलाई बनाउने ।

| | | | |
|---|---|---|---|
| सरस्वती प्रा वि | नवज्योति प्रा वि अर्जुनधारा २ | सिंहेश्वरी प्रा वि | लक्ष्मी प्रा वि |
| शिवनारायण प्रा वि | अर्जुनधारा सं मा वि | चन्द्रोदय प्रा वि | श्री प्रा वि |
| बालज्योति प्रा वि | सिंहवाहिनी प्रा वि | बालकल्याण प्रा वि | नवज्योति प्रा वि अर्जुनधारा ५ |

९.मिति २०७६/१०/११ को निर्णयबाट अर्जुनधारा ५ स्थित श्री लक्ष्मी मा वि मा पानी तथा स्वास्थ्य सरसफाई सुविधा सहितको शौचालय निर्माणका लाग सशर्त अनुदानको रकम विनियोजन गरिएको रकम उक्त विघालयमा व्यवस्थापन समिति गठन नभएकाले उक्त रकम सोही प्रयोजनका लागि श्री प्रा वि अर्जुनधारा ५ मा विनियोजन गर्ने ।

१०.नगर कार्यपालिकाको कार्यलयमा कार्यरत ईञ्जिनियर श्री निरज अधिकारिले कार्यालय समय अघि विहान ६ बजेदेखि ९ बजेसम्म मदन भण्डारी स्मृति प्रतिष्ठान उर्लाबारी मोरङ्गको MSc in Contruction Management अध्ययनका लागि स्वीकृति दिने ।

११.ब्लु हेभन एजुकेशन फाउण्डेसन इङ्गलिस स्कूललाई अर्जुनधारा नगरपालिका वडा नं २ मा स्थानन्तरण भई आउन सहमति दिने ।